# नेपालगञ्ज राजपत्र

नेपालगञ्ज उप-महानगरपालिकाद्वारा प्रकाशित

खण्ड (५) संख्या-५७ नेपालगञ्ज, २०७८ चैत्र, १७ गते


## नेपालगञ्ज उप-महानगरपालिकाको

## लैङ्गिक समानता नीति तथा कार्यान्वयन कार्यविधि, २०७८

# नेपालगञ्ज उप-महानगरपालिकाको
# लैङ्गिक समानता नीति तथा कार्यान्वयन कार्यबिधि, २०७८

## १) पृष्ठभूमि

नेपाल पक्ष भएको महिला बिरुद्धहुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी १९७९ लाई सन् १९९१ मा सो को ऐच्छिक प्रोटोकल १९९९ लाई सन् २००७ मा समान काममा लागि महिला र पूरुष विच समान पारिश्रमिक सम्वन्धी महासन्धी १९९१ (आईएलओ १००) लाई १९७६ मा र रोजगार तथा पेशामा हुने बिभेद सम्वन्धी महासन्धी १९५८ (आईएलओ १११) लाई सन १९७४ मा नेपालले अनुमोदन गरिसकेकाले नेपालको लैङ्गिक समानता प्रति अन्तराट्रिय प्रतिबद्धता समेत रहेको छ ।

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त अनुरूप विभेद रहित, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने आधार तयार गरेको छ। समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन, नेपालको सन्दर्भमा लैङ्गिक सामानताका सवालमा पुरुषको दाजोमा महिला बर्ग पछाडी रहेको कारण महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक हुने अधिकार तथा पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव बिना सबै सन्तानको समान हक हुने भन्ने व्यवस्था गरेको छ । यसैगरी धारा ३८ मा महिलाको हक अन्तर्गत महिला विरुद्ध धार्मिक सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन, वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानून वमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने समेतको व्यवस्था गरेको छ, । साथै, धारा २५२ मा राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगको रुपमा स्थापित गरिएकोछ। "लैङ्गिक समतामूलक राष्ट्र निर्माणको सोच र लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्ने लगायतका उद्देश्यसहित १५औ आवधिक योजना कार्यान्वयनमा रहेको छ । लैङ्गिक समानताका लागि विगतका प्रयासहरूले महिलाको शिक्षा, स्वास्थ्य, सम्पत्ति माथिको स्वामित्व तथा श्रम सहभागितामा समरात्मक परिबर्तन भएको छ। महिलाको राजनीतिक तथा आर्थिक भूमिका प्रभावकारी हुँदै गएको छ। र

यद्यपि महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक माथि हिंसा, विभेद, असमानता, कुरीति तथा सामाजिक हानिकारक अभ्यासहरू कायम नै छ। मुलुकले अङ्गीकार गरेको संघीय ढाँचा र नयाँ शासकीय स्वरूप अनुरूप विगतमा नेपाल सरकारबाट महिला सशक्तिकरणका लागि भए गरेका कार्य प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भै कार्यान्वयनको अवस्थामा छन्।

लैङ्गिक समानताका क्षेत्रमा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै दिगो विकासका लक्ष्य प्राप्ति र सारभूत लैङ्गिक समानताको स्थापनाका लागि लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न योजना, नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा सेवा प्रवाहलाई लैङ्गिक मैत्री बनाई समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि यो नीतिको आवश्यकता रहेको छ।

## २) वर्तमान स्थिति :

नेपालगञ्ज उपमहानगरपालिकाको जनसंख्यामा हेर्दा ८२,९४७ महिला ८३,३११ पूरुष गरी कुल १,६६,२५८ जनसंख्या रहेको छ। महिला साक्षारता दर ५७.८ प्रतिशत रहेको, उप-महानगरपालिका तथा यसका वडा कर्यालय र विभिन्न संघसंस्थाहरुको अनुगमन अनुसार श्रम सहभागिता तथा अनौपचारिक क्षेत्रमा पारिश्रमिक पुरुषको तुलनामा महिलाको कम रहेको, सार्बजनिक क्षेत्रका निकाय तथा संरचनामा सहभागिता रहेपनि अर्थपुर्ण सहभागिता कायम हुन नसकेको तथा यस सवालको मापन हुने खण्डीकृत तथ्याक नै नरहेको देखिन्छ। लैङ्गिक सवालमा बाँके जिल्लाका लैगिक अनुपात ९५.७३ छ। सन् २०१९ मा नेपाल मानव विकास सूचकाङ्कमा ०.६०२ अंक सहित १४२ औं स्थानमा रहेको छ। राष्ट्रिय मानव विकास प्रतिवेदन, २०२० अनुसार नेपालको लैङ्गिक विकास सूचक र लैङ्गिक सशक्तिकरण मापक क्रमश: ०.८८६ र ०.६२ तथा लैङ्गिक असमानता सूचक (Gender inequality index) ०.४७६ रहेको छ। विश्व आर्थिक मञ्चद्वारा तयार पारिएको ग्लोबल लैङ्गिक समानता अन्तराल प्रतिवेदन, २०२० मा नेपालको प्राप्ताङ्ग ०.६८० रही १५३ मुलुकहरू मध्ये १०१औं र दक्षिण एशियामा दोस्रो स्थानमा रहेको छ। पन्ध्रौं योजनामा उल्लेख भए अनुसार महिला साक्षरता ५७.७% रहेको छ भने महिलाको श्रमशक्ति सहभागिता दर २६.३%



CS CamScanner

हेको छ। राष्ट्रिय मानव विकास प्रतिवेदन, २०२० अनुसार हाल मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा २३९ रहेको छ। राज्यका विभिन्न संरचना तथा निकायमा महिला सहभागिता र प्रतिनिधित्वमा उल्लेख्य सुधार हुदै आएको छ। राष्ट्रिय मानव विकास प्रतिबेदन २०२० अनुसार राजनैतिक क्षेत्रमा महिला सहभागिताको अवस्था संघ, प्रदेश र स्थानिय तहको निर्वाचन पश्चात स्थानियतहमा ४१ प्रतिशत प्रदेश सभामा ३४.४ प्रतिसत संघिय ब्यवस्थापिकामा ३२.७ प्रतिशत र राष्ट्रिय सभामा ३७.७ प्रतिशत रहको छ। त्यसैगरी निजामती सेवा लगायत बिभिन्न सरकारी तथा सार्वजनिक सेवामा महिलाका लागि आरक्षणको ब्यवस्था गरिएको छ। यसले गर्दा निजामती सेवामा महिलाको सहभागिता २६.१७ % रहेको छ भने स्वास्थ्य सेवामा ४७% रहेको छ। सहकारीको सञ्चालकमा महिला सहभागिता ४०% रहेको छ भने महिला संदस्यको सख्या करिब ५१% रहेको छ। दिगो विकास लक्ष्यको राष्ट्रिय पुनरावलोकन प्रतिवेदन अनुसार महिलाको घरजग्गामा स्वामित्व ३३.९३% पुगेको छ। सरकारी बजेट प्रणालीमा लैङ्गिक उत्तरदायी बजेटको अभ्यास बढ्दै गएको छ। आव २०७७/७८ मा लैङ्गिक उत्तरदायी बजेट नेपालको वार्षिक बजेटको ३८.१६% रहेको महिलाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि भएका नीतिगत र कानूनी व्यवस्था र सञ्चालित कार्यक्रमहरूले महिला प्रतिनिधित्व, सहभागिता, विद्यमान स्रोत साधन आदिमा पहुँच हुँदै गएको छ। साथै, जीविकोपार्जन, उद्यमशीलता र रोजगारीमा समेत सुधार भएको अवस्था छ।

पेशामा महिलाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि भएका नीतिगत र कानूनी व्यवस्था र सञ्चालित कार्यक्रमहरूले महिला प्रतिनिधित्व, सहभागिता, विद्यमान स्रोत साधनमा पहुँच आदिमा बृद्धी हुँदै गएको छ।

**३. समस्या**

लैङ्गिकतामा आधारित महिला, किशोरी, बालिकाप्रति हुने हिंसा, श्रममा विभेद, शिक्षामा विभेद, पहिचानको समस्या, घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार, वैदेशिक रोजगारका नाममा हुने ओसारपसार तथा बेचविखन यस क्षेत्रको प्रमुख समस्याका रूपमा रहेका छन्। धार्मिक तथा प्रथा परम्पराका प्रदान

नाममा प्रचलमा रहेका हानिकारक अभ्यासहरु जस्तै बोक्सी छूई, वालविवाह बहुविवाह, दाईजो, गौना, थौना, लितक तथा तिलक प्रथाले महिला किशोरी तथा बालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसा कायम नै छ। लैङ्गिक तथा यौनिक अल्पसंख्यक माथि हुने शारीरिक तथा मानसिक हिंसा विद्यमान रहनु, सामाजिक मूल्य मान्यता, सामाजिक सम्बन्ध एवम् सोचको कारणबाट लैङ्गिक, भूमिकामा परिवर्तन आउन नसक्नु, महिलाको विकासमा पुरुषको सहभागिता न्यून रहनु, महिलाको आर्थिक सशक्तिकरण हुन नसक्नु, महिलाको घरेलु कामकाजलाई आर्थिक पक्षसंग जोडेर नहेरिनु, श्रम बजारमा महिला र पुरुषबीच विभेद रहनु, सबै क्षेत्रका निर्णायक तहमा महिलाको न्यून सहभागिता रहनु, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको खण्डीकृत तथ्याङ्क नहुनु जस्ता समस्या यस क्षेत्रमा विद्यमान छन्।

## ४) चुनौती -

पालिकाका सार्वजनिक नीतिमा लैङ्गिक मूलप्रवाहीकरण गर्नु, लैङ्गिक हिंसाको अन्त्य गरी न्यायमा पहुँच बढाउनु, हानिकारक कुरीति र कुप्रथाको अन्त्य गर्नु, नगरपालिकामा लैङ्गिक सवाललाई आन्तरिकीकरण र संस्थागत गर्नु, नेतृत्वमा रहेका महिला नेतृत्वको निर्णायक भुमिका वृद्धि गर्नु, सामाजिक संरचना र सोच परिवर्तन गर्नु, महिलाको प्राकृतिक, व्यावसायिक एवम् सामाजिक भूमिकालाई सन्तुलन गर्नु, खास लक्षित समूहलाई लाभान्वित बनाउनु लैङ्गिक उत्तरदायी शासन व्यवस्थाको विकास मार्फत महिला तथा किशोरी माथी हुने सबै किसिमका बिभेद हटाई लैङ्गिक समानता सहित सामाजिक रुपान्तरण गर्नु नेपालगञ्ज उपमहानगरपालिकाका चुनौती हुन्।

## ५) नीतिको आवश्यकता र औचित्य

नेपालको संविधानमा व्यवस्था भएको मैलिक हक तथा राज्यको पुर्न संरचना र अधिकारको बाडफाँडको कार्यान्वयनलाई प्रभावकारी बनाउन, चालु १५औ योजनाका लक्ष्य एवं उद्देश्य हासिल गर्न, दिगो विकासको लक्ष्य प्राप्तीका लागि समाजमा रहेको कुरीति, कुप्रथा र भेदभाव हटाई समान पहुँच र अवसर

गरी समानता कायम गर्नका लागि न्यायपूर्ण समाजको स्थापना गर्नु आवश्यक रहेको छ। नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई पूरा गरी लैङ्गिक समानता कायम गर्न तथा राज्यले अवलम्वन गरेको लैङ्गिक समानताको नीतिको मर्म पुर ा गर्न समेत यो नीति आवश्यक रहेको छ।

लैङ्गिक समानता कायम गर्ने दिशामा हालसम्म हासिल गरेको उपलब्धिलाई निरन्तरता दिँदै लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई स्थानीय तहदेखि नै संस्थागत गर्न यस नीतिले मार्गनिर्देश गर्नेछ। यस नीतिले सार्वजनिक क्षेत्र, निजी क्षेत्र सहकारी क्षेत्र, गैरसरकारी संस्था एवम् सामुदायिक संस्था सबैमा लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, योजना एवम् कार्यक्रममा सामान्जस्यता ल्याउन समन्वय गर्नेछ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको न्यायिक समितिले लैङ्गिक हिंसा तथा बालबालिका सम्बन्धी स्थानिय स्तरमा न्यायमा पहुँच पुऱ्याउने उद्देश्यले नाबालक छोराछोरी वा पति-पत्नीलाई इज्जत आमदअनुसार खान-लाउन वा शिक्षादिक्षा नदिएको विषय, ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको विषय, कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको विषय, पतिपत्नीबीचको सम्बन्ध विच्छेदमा मेलमिलाप गराउन पाउने, एक वर्ष भन्दा कम कैद सजाय हुने कुटपिट भएको मुद्दाहरु र गाली-बेइज्जती तथा एक वर्ष सम्म कैद सजाय हुने अन्य मुद्दाहरु हेर्न पाउने अधिकार तोकेको छ। बाल बिवाह, महिला विरुद्धका हिंसा, देउकी, बेक्सा बोक्सी, छुवाछुत, दहेज तथा दाइजो, कमैया प्रथा, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, लैङ्गिक भेदभाव, मानव बेचबिखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने गराउने जिम्मेवारी पनि स्थानिय सरकारलाई सुम्पेको जिम्मेवारी पुरा गर्न यो नीति आवश्यक रहेको छ।

नेपालगञ्ज उपमहानगरपालिकाको आ.व. २०७८/०७९ को नीति तथा कार्यकममा सारभूत लैगिंक समानता प्राप्तिको लागि पुरुषको सक्रिय सहभागिता सुनिश्चित गरिने, सरोकारवाला सबै कार्यालय, शाखा, संघ, संस्था र वडामा लैगिंक सम्पर्क बिन्दु तोकि महिला लक्षित बजेट बिनियोजनमा प्राथमिक्ता दिइने, सबै किसिमका सर्भेक्षण तथा तथ्यांक संकलन गर्दा लैगिंक र

खण्डिकृत विषय अनिवार्य रुपमा समावेश गरिने नीति तय गरिएको छ साथै लैङ्गिक सवालमा पछाडी परेको बर्गहरुका लागि महिलाको श्रम र समयको बचत गर्ने प्रविधिको प्रयोगमा जोड दिइने, उद्यमशिलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको आर्थिक सशक्तीकरणका लागि महिला उद्यमी सहजीकरण केन्द्र संघीय सरकारको सहकार्यमा संचालन गरिने, महिला विकास कार्यक्रमलाई निरन्तरता दिदै महिला विकास कार्यक्रमद्वारा प्रवद्धित महिला सहकारी संस्थालाई उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गर्न गरीवी विरुद्ध महिला कार्यक्रम संचालन गरिने नीति समेत लिएको छ।

**६) दीर्घकालीन सोच**

लैङ्गिक समानता युक्त उप-महानगरपालिका हुनेछ,

**७) लक्ष्य**

लैङ्गिक भेदभाव हिसा र शोषणको अन्त्य गरि समानता र लैङ्गिक मुल्यमान्यतमा आधारित समाज स्थापित गर्नु,

**८. उद्देश्य .**

१) महिला, पुरुष, यौनिक तथा लैगिंक अल्पसंख्यक बीच कानूनी तथा व्यवहारिक रूपमा समानता कायम गर्न आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक रूपमा सशक्तिकरण गर्ने।

२) महिला, किशोरी तथा वालबालिकाको सामाजिक-आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्नु।

३) लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्नु।

४) लैङ्गिक सवालमा नकरात्मक प्रभाव पार्ने समाजमा बिद्यमान कुरीति, परम्परागत मूल्यमान्यता र अभ्यासको न्यूनिकरण गर्ने।

**९) रणनीति**

१ बिद्यमान र नयाँ तर्जुमा हुने कानुनलाई लैङ्गिक मैत्री बनाउने र सकारात्म बिभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिने। (उद्देश्य २)



CamScanner

निरोधात्मक, उपचारात्मक, संरक्षणात्मक, दण्डात्मक तथा नियमनकारी उपायद्वार ा सामाजिक मूल्य र मान्यतामा परिर्वतन गर्दै लैङ्गिक बिभेदजन्य हिंसाको अन्त्य गर्ने , (उद्देश्य १)

३ कानूनी प्रबन्ध संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट स्थानिय तहमा लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने । (उदेश्य नं ३)

४ लैङ्गिकतामा आधारित श्रम बिभाजनको परम्परालाई परिबर्तन गरी श्रम बजारमा महिलाको सहभागिता बृद्धी गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्यांकन गर्ने । (उद्देश्य ४)

५. स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट महिलाको आर्थिक शसक्तिकरण गर्ने (उद्देश्य ४)

६. स्रोत साधनमाथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तिकरणको माध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने । (उद्देश्य ४)

## १०. नीति तथा कार्यनीतिहरु

**रणनीति १: विद्यमान र नयाँ तर्जुमा हुने कानूनलाई लैङ्गिकमैत्री बनाउने र सकरात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनमा निरन्तरता दिने ।**

**नीति तथा कार्यनीति :**

(क) लैङ्गिक समानता कायम गर्न आवश्यकतानुसार नीति नियमको तर्जुमा कार्यान्वयन तथा परिमार्जन गर्दै लैङ्गिक समानतायुक्त बनाइनेछ ।

(ख) महिला, किशोरी तथा बालिकालाई संविधान प्रदत्त मौलिक हक तथा सम्बन्धित कानूनको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत सुदृढीकरण, सामाजिक जागरण र सचेतना अभियान सञ्चालन गरिनेछ ।

(ग) महिलालाई पालिकाका सबै क्षेत्रमा समानुपातिक प्रतिनिधित्व र समान अवसरको संवैधानिक हकलाई स्थापित गर्ने विद्यमान कानूनको कार्यान्वयन गरिनेछ। साथै, कानुनी सुधारलाई निरन्तरता दिइनेछ ।

CamScanner

(घ) विभिन्न कार्यक्रमका माध्यमबाट विभेदमा परेका व्यक्तिहरुलाई विशेष संरक्षण गरिनेछ ।

(ङ) महिलाको सहभागितालाई अर्थपूर्ण बनाउन क्षमता अभिवृद्धि गरी सकारात्मक विभेदको कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ

(च) सबै क्षेत्रको नेतृत्व तहमा महिलाको प्रतिनिधित्व अभिवृद्धि गर्न समानुपातिक सहभागिताका लागि कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता अनिवार्य गरिनेछ।

छ) समाजमा लैङ्गिकमैत्री दृष्टिकोण निर्माण गर्न बिद्यालय मा अतिरिक्त कृयाकलापमा लैङ्गिकमैत्री विषयबस्तु समाबेश गरिने छ ।

ज) सर्बजनिक तथा निजी भौतिक संरचनाको लैङ्गिकमैत्री मापदण्ड निर्माण गरी लागु गरिने छ ।

(झ) महिलाको मर्यादालाई, अवमूल्यन गर्ने हानिकारक सामाजिक अभ्यास र कुप्रथा विरुद्ध अभियान सञ्चालन गरिनेछ ।

ञ) परिवार समाज तथा कार्यस्थमा महिला प्रती मर्यादित व्यवहार तथा भाषा शैलीलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। यस्ता कार्यक्रममा खासगरी स्थानीय तहका निर्वाचित महिला प्रतिनिधि, विद्यालय तथा अभिभावक, टोल सुधार समिति, स्थानीय संघ संस्था, आमा समूह, बालक्लब, बाल अधिकार समिति, सामाजिक अभियन्ता, बालबालिका सञ्जाल, यूवा क्लब र किशोरी समूह, युवा समुह लगायतका स्थानीय संस्थाहरूलाई क्रियाशील बनाइनेछ।

(ट) लैङ्गिक भूमिकामा रूपान्तरण सम्बन्धी प्रचार प्रसार सामाग्री उत्पादन र वितरण, संमुदायमा आधारित संस्था, समूह परिचालन, उदाहरणीय कार्य गर्ने संस्था, समूह, परिवार र व्यक्तिलाई सम्मान लगायतका प्रर्वधनात्मक कार्य गरिनेछ ।

(ठ) सञ्चार माध्यमबाट नियमित रूपमा लैङ्गिक समानता तथा महिला, किशोरी र बालिकाप्रति मर्यादित व्यवहारलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्नुका साथै श्रव्य-दृश्य सामग्रीको उत्पादन तथा प्रसारणको व्यवस्था मिलाईनेछ ।

(ड) लैङ्गिक समानता र महिला अधिकार प्रवर्द्धनका लागि पुरूषको सहभागिता अभिवृद्धि गर्दै लगिनेछ ।



CamScanner

**रणनीति २: निरोधात्मक, उपचारात्मक, दण्डात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै लैङ्गिक विभेदजन्य हिंसाको अन्त्य गर्ने ।**

**नीति तथा कार्यनीति :**

(क) महिला, किशोरी तथा बालिकामाथि हुने हिंसालाई निरोधात्मक, उपचारात्मक र नियमनकारी व्यवस्थाको माध्यमबाट सम्बोधन गरिनेछ।

(ख) लैङ्गिक हिंसाको अन्त्यका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

(ग) कार्यस्थल तथा सार्वजनिक स्थलहरूमा महिला, किशोरी र बालिकामाथि हुने भेदभाव एवम् यौनजन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रसार गरिनेछ ।

(घ) न्याय सम्पादन संग सम्वन्धित न्यायिक तथा अर्धन्यायिक निकायका पदाधिकारी लाई लैङ्गिक विषयमा क्षमता अभिबृद्धी तथा पुर्नताजकी तलिम संञ्चालन गरिने छ ।

(ङ) नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक क्षेत्र हेर्ने फाँटको कामकाजलाई सेवाग्राही मैत्री बनाउन सहयोग गरिने छ ।

(च) लैङ्गिक हिंसा विरूद्ध शुन्य सहनशीलताको नीतिलाई कडाईका साथ कार्यन्वयन गरिनेछ र यस कार्यमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउन दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

(छ) हिंसा पीडित/प्रभावित, मानव बेचबिखनमा तथा ओसारपसारमा परेका महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यकका लागि सुरक्षा संरक्षण, कानूनी उपचार तथा पुर्नस्थापना सम्वन्धीका कार्य गरिनेछ ।

(ज) हिंसा पीडित/प्रभावितलाई घटना ब्यवस्थापन प्रकृया अपनाई पिडित र पिडित प्रभावित परिवारलाई मनोसामाजिक परामर्श/विमर्श, कानूनी सेवा, स्वास्थ्य सेवा उपलब्ध गराईनुका साथै परिवार र समुदायमा पुनर्मिलन गराइनेछ । साथै यस्ता पीडित र प्रभावितका लागि जीविकोपार्जनको कार्यक्रम सञ्चालन गरिनेछ ।

(झ) महिला हिंसा र त्यसको व्यवस्थापन सम्बन्धी सूचना प्राप्त गर्न महिला बालबालिका सम्बन्धी पोष्टर, जिङ्गल, तथा श्रब्य दृश्य सामग्री प्रकासन प्रशारण गर्ने तथा हेल्पलाईन संग सहकार्य गरिनेछ ।

(त) लैङ्गिक हिंसा विरुद्ध समुदाय, नागरिक समाज, जनप्रतिनिधी, राजनैतिक दल, गैरसरकारी संस्था तथा निगरानी समूह समेतको सहयोगमा अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाईनेछ ।

(ट) लैङ्गिक हिंसा निवारणका लागि सामाजिक जागरणको अभियान सञ्चालन गरिनेछ। यस कार्यमा सामाजिक संघ संस्था, नागरिक समाज तथा गैह्रसरकारी संस्थालाई सक्रिय रूपमा परिचालन गरिनेछ ।

(ठ) बढ्दो साइबर अपराधका विषयमा महिला, किशोरी तथा बालिकालाई सुसुचित गराउँदै यस्ता अपराधलाई नियन्त्रण गरिनेछ ।

(ड) स्वदेशी र वैदेशिक श्रमबजारमा रोजगारीका क्रममा जोखिममा परेका हिंसा प्रभावितहरुको आर्थिक सशक्तिकरणका लागि तालिम तथा आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ। साथै यस कार्यमा आवश्यकता अनुसार गैर सरकारी संस्थासँग साझेदारी गरिनेछ ।

(ढ) महिनावारी तथा सुत्केरीलाई छुईका रूपमा लिने, बोक्सी प्रथा जस्ता लैङ्गिक विभेद र हिंसाको अभ्यासलाई अन्त्य गर्न मर्यादित  महिनावारी सम्बन्धी प्रवर्धनात्मक क्रियाकलापलाई बाल क्लव संञ्जाल, युवा क्लव, किशोरी समुह ,आमा समुह लगायत समुदायमा संस्थाहरुको सकृयतामा सामजिक जागरणको अभियान संञ्चालन गरिने छ ।

(ण) विद्यालयबाट सञ्चालन गरिने अतिरिक्त क्रियाकलापमा महिनावारीको वैज्ञानिक पक्षका विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ। यस्ता कार्यक्रममा अभिभावकलाई समेत सहभागी गराइनेछ ।

(त) बालविवाह, बहुविवाह, दाईजो एवम् तिलक जस्ता वैवाहिक परम्परासँग गाँसिएका कुरीतिको अन्त्य गर्न स्थानीय तहको सक्रियतामा कानूनको कार्यान्वयन र नियमनलाई प्रभावकारी बनाईनेछ ।

(थ) बोक्सी प्रथा विरुद्ध शून्य सहनशीलताको कानूनी व्यवस्थालाई कार्यान्वयन गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(द) लैङ्गिक तथा यौनिक अल्पसंख्यक प्रतिको सामाजिक सोंच र व्यवहारमा परिवर्तन गर्न सचेतनामूलक अभियान सञ्चालन गरिनेछ यस्ता व्यक्तिहरूलाई आत्मनिर्भर र स्वरोजगारीका लागि आवश्यक तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनुका साथै नियमनकारी उपाय समेत अवलम्बन गरिनेछ।

(ध) होटल, रेष्टुरा तथा अन्य मनोरन्जनात्म क्षेत्रमा लैङ्गिक हिसा हुन बाट रोक्न सचेतना, जोखिममा परेका तथा पर्न सक्ने व्यक्तिहरुका लागि आवस्यकता अनुसारका कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यमा आवश्यकता अनुसार गैरसरकारी संस्थासँग साझेदारी गरिनेछ।

**रणनीति ३: कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट पालिका तहमा लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने।**

**नीति तथा कार्यनीति :**

(क) उपमहानगरपालिकाको लैङ्गिक उत्तरदायी नीति, योजना तथा कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ।

(ख) लैङ्गिक समानता नीति कार्यान्वयन गर्न सम्बन्धित फाँटका कर्मचारीहरु तथा जनप्रतिनीधिहरुको क्षमता अभिवद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

(ग) न्यायिक समिति,सामाजिक विकास समिति, विधेयक समिति लगाएत पालिकाका कानून निर्माण तथा कार्यान्वयनमा संलग्न पदाधिकारी तथा सरोकारवालालाई लैङ्गिक संवेदनशीलता, लैङ्गिक रुपान्तरण र लैङ्गिक उत्तर दायी बजेट प्रक्रियाबारे अभिमुखीकरण गरिनेछ।

(घ) उपमहानगरपालिकाको सबै विषय क्षेत्रगत सार्वजनिक नीतिमा लैङ्गिक समानता तथा महिला संशक्तिकरणका विषयलाई संमावेश गरी कार्यान्वयनमा ल्याईनेछ।

(ङ) लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गरिने छ।

(च) नीति कार्यान्वयन तथा लाभको बाडफाँडमा महिला शसक्तिकरणको विषय बजेट तथा कार्यक्रम निर्माणमा महिला सहभागिता एबं लैङ्गिक उत्तरदायी बजेट विनियोजन र कार्यान्वयन समेतलाई बिश्लेषण गर्न लैङ्गिक परिक्षण गरिने छ।

(छ) उपमहानगरपालिकाको सार्बजनिक निकायमा लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने, निजहरुको भूमिकालाई नीति निर्माण तथा नीति कार्यान्वयनको अनुगमनमा प्रभावकारी बनाउन प्रशिक्षित गरिनेछ।

(ज) सार्वजनिक तथा निजी क्षेत्रको कार्यस्थलमा लैङ्गिक समानता, आचार संहिता तथा उजुरी एवम् गुनासो सुनुवाई संयन्त्र निर्माण गरी कार्यान्वयन गरिनेछ।



CamScanner

(झ) महिला, वालवालिका,अल्पसंख्यक बर्गको लैङ्गिक खण्डीकृत तथ्याङ्क संकलन र विश्लेषणलाई योजना र विकासका लक्ष्यको प्रगति विश्लेषण समेत गर्न सकिने गरी तथ्यमा आधारित बनाइनेछ ।

(ञ) खण्डीकृत तथ्याङ्क सहितको लैङ्गिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी विस्तार गरिनेछ । यस्तो प्रणालीलाई अनलाईन रूपमा विकास गरी अद्यावधिक गर्ने र सबै सरोकारवालाको लैङ्गिक सूचनामा सहज पहुँचको व्यवस्था मिलाइनेछ ।

(ट) उपमहानगरपालिकाको हुने सबै प्रकारका नियुक्तिमा लैङ्गिक समानता तथा समानुपातिक समावेशिताको प्रावधानलाई कार्यान्वयन गरिनेछ ।

(ठ) उपमहानगरपालिकाको सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रमा महिलाका सहभागिता बढाउन सकारात्मक विभेदको नीति अवलम्बन गर्ने र निजी क्षेत्रका सेवा प्रवाहलाई महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक मैत्री बनाउन प्रोत्साहन गरिनेछ ।

(ड) विभेदमा परेका सीमान्तकृत, अल्पसंख्यक, अपाङ्गता लगायतका वर्गका व्यक्तिलाई समान अवसर, पहुँच र प्रतिफल प्राप्त गर्नका लागि विशेष व्यवस्था मिलाइनेछ ।

(ढ) लैङ्गिक समानता र लैङ्गिकमैत्री व्यवहार सम्बन्धी विषयमा खुला छलफल र अन्तरक्रिया गरिनेछ र यस कार्यमा पुरुष अभियन्ता, महिला, किशोरी एवम् लैङ्गिक तथा यौनिक अल्पसंख्यक पैरवीकर्ताको परिचालन गरिनेछ ।

**रणनीति ४: लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने**

**नीति तथा कार्यनीति :**

क) घरेलु कामकाज र हेरचाह कार्यको आर्थिक पक्षको मुल्याङ्कन गरी अर्थतन्त्रमा पुऱ्याएको योगदानको गणना गरिने परम्पराको विकास गरिने छ ।

ख) घरेलु कामकाज हेरचाह कार्य र अभिवावकिय भुमिकामा महिला र पूरुषको समान भूमिकालाई प्रवर्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ

ग) महिलाहरुलाई औपचारिक क्षेत्रमा रोजगारी उन्मूख गराउन, घरेलु, तथा हेर चाह जन्य कार्यबोझ घटाउन प्रविधिको प्रयोग गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।



CamScanner

घ) महिलाको पारिवारिक एवम् व्यावसायिक जीवन बीचको सन्तुलन कायम गर्ने गरी पारिवारिक काममा पुरुषको भूमिका बढाउन प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

(ङ) प्राविधिक शिक्षामा रहेको लैङ्गिक अन्तर घटाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

(च) श्रमप्रतिको सम्मान गर्ने परिपाटी बसाउन विद्यालय शिक्षा एवम् सञ्चार माध्यंममा चेतनामूलक सूचना प्रवाह एवम् बहस, सामाजिक अभियान आदि जस्ता कार्यक्रमलाई संञ्चालन गरिनेछ ।

**रणनीति ५: स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट महिलाको आर्थिक सशक्तिकरण गर्ने ।**

**नीति तथा कार्यनीति :**

(क) महिलाको सम्पत्तिमाथि पहुँच बढाउने, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता वृद्धि गरिने महिलाको नाममा सम्पत्ति राख्ने प्रक्रियालाई थप सरलीकत गरिनेछ ।

(ख) व्यावसायिक कृषि, बजार व्यवस्थापन तथा कृषिमा आधारित उद्यम एवम् सीप विकास तथा उद्योगसँग सम्वन्धित सीप विकास कार्यक्रम सञ्चालन गरी. महिलाको आर्थिक क्रियाकलापमा वृद्धि गरिनेछ ।

(ग) कृषि, पशुपालन, सहकारी, सामुदायिक वन, वातावरण संरक्षण, लगायतका कार्यक्रमहरु मार्फत महिलाको आर्थिक क्रियाकलापमा पहुँच अवसर र लाभ सुनिश्चित गरिनेछ ।

(घ) महिला उद्यमीद्वारा उत्पादित वस्तुको सङ्कलन भण्डारण र गुणस्तर परिक्षणको व्यवस्था मिलाउनका साथै बिक्री केद्रको ब्यवस्था र उत्पादनको एकीकत, बजारीकरणमा जोड दिइनेछ ।

(ङ) महिलाद्धारा प्रबर्धन गरेको लगानीलाई विशेष प्रोत्साहन गरिनेछ । व्यापार-व्यवसाय एवम् उद्योग संञ्चालन गर्न आवश्यक जानकारी तथा सूचना प्रदान गर्ने एवम् अनुदान तथा छुट सुविधा को समेत ब्यवस्था गरिनेछ ।

च) विपन्न तथा सीमान्तीकृत महिलाका लागि, विशेष संरक्षणात्मक एवम् जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति ६: स्रोत साधन माथि महिलाको समान पहुँच, नियन्त्रण र निण प्रकृयामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तिकरणको माध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने।**

**नीति तथा कार्यनीति :**

(क) व्यवसाय र गैर कृषि क्षेत्रको रोजगारीको साथै सम्पूर्ण आर्थिक क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरिनेछ।

(ख) महिलाद्वारा प्रवर्धित उद्योग व्यवसाय दर्ता, ऋण र बीमामा छुट, सुविधा तथा सहुलियत प्रदान गर्ने व्यवस्था गरिनेछ।

(ग) महिलालाई उद्यमशीलताको विषयमा जानकारी र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन महिला उद्यमशीलता सुचना केन्द्रको स्थापना गरी सञ्चालन तथा महिलाको आर्थिक क्रियाकलापमा व्यावसायिक र सामाजिक जोखिम न्यूनीकरण गर्न सूचना प्रवाहको सहज व्यवस्था मिलाइनेछ

(घ) कार्यस्थलमा स्तनपान कक्ष र दिवा शिशु स्याहार केन्द्र सञ्चालन गरिनेछ।

(ङ) उपमहानगरपालिका भित्र स्थापना तथा सञ्चालनमा रहेका औद्योगिक क्षेत्र, व्यावसायिक क्षेत्रमा महिला उद्यमीलाइ उद्योग व्यवसाय संञ्चालन गर्न स्थान उपलब्ध गराइनेछ।

## ११) संस्थागत संरचना

नीतिको प्रभावकारी कार्यान्वयनका लागि उपमहानगरपालिका तथा यसको वडा स्तरमा देहाय बमोजिमका नीति कार्यान्वयन तथा समन्वय समिति गठन हुनेछ।

### क) पालिका स्तरमा गठन हुने समिति

| | |
|---|---|
| उपमहानगरपालिका प्रमुख वा उप-प्रमुख | संयोजक |
| न्यायिक समितिको संयोजक वा निजले तोकेको १ जना | सदस्य |
| वडा अध्यक्षहरु मध्येवाट कार्यपालिकाले तोकेको १ जना | सदस्य |
| सामाजिक विकास समिति संयोजक | सदस्य |
| कार्यपालिकाले तोकेको कार्यपालिकाको एक जना महिला सदस्य | सदस्य |



CamScanner

पालिकामा रहेको प्रहरी कार्यालयको महिला बालबालिका सेवा केन्द्र प्रमुख — सदस्य

पालिकामा रहेका लैङ्गिक हिंसाका सवालमा सक्रिय रुपमा कार्यरत गै.स.स. मध्ये समितिले तोकेको १ जना — सदस्य

निगरानी समूह, टोल विकास समिति, महिला बालबालिका शाखा मार्फत पंजीकृत सहकारी संस्था मध्येबाट नेपालगञ्ज उपमहानगरपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाले सिफारिस गरेको ४ जना — सदस्य

नगर स्तरिय युवा संजालका सदस्य मध्येबाट १जना — सदस्य

उपमहानगरपालिका स्तरिय बालक्लब संजाल प्रतिनिधि १ जना — सदस्य

उपमहानगरपालिका स्तरिय किशोरी संजालका प्रतिनिधि १ जना — सदस्य

यौनिक तथा लैगिंक अल्पसंख्यक मध्येबाट १ जना — सदस्य

नगरस्तरिय अपांग संजाल मध्येबाट १ जना — सदस्य

नगरपालिका स्तरिय लैगिंक हिंसा निगरानी संजाल १ जना — सदस्य

एकल महिला संजालका सदस्य मध्ये १ जना — सदस्य

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख — सदस्य-सचिव

१) समितिको बैठक कम्तिमा ३ महिनामा एक पटक बस्नेछ ।

२) बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारी तथा विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ । मनोनित सदस्यको पदावधि २ वर्षको रहनेछ ।

३) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

### ख) समितिको काम कर्तब्य तथा अधिकार

यस नीतिको कार्यान्वयनका लागि कानून, नीति, योजना, कार्यक्रमलाई लैङ्गिकमैत्री बनाउन तथा महिला नेतृत्वको क्षमता र महिला सहभागिता अभिवृद्धिका लागि आवश्यक पहल तथा समन्वय गर्ने,

नीतिको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने गराउने,

सरोकारवाला निकायसँग समन्वय तथा सहजीकरण गर्ने,

नीति कार्यान्वयनको अनुगमन गरि पालिका स्तरिय प्रतिवेदन प्रकाशन गर्ने,

नीतिमा समसामयिक सुधारका लागि आवश्यक सल्लाह सुझाव प्रदान गर्ने,

पालिकामा सञ्चालित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने,

लैङ्गिक सवालमा भए गरेका कामको पृष्ठपोषण दिने ।



CS CamScanner

### ग) वडा स्तरमा गठन हुने समिति

| | |
|---|---|
| वडा अध्यक्ष वा निजले तोकेको ब्यक्ति | संयोजक |
| महिला सदस्यहरुबाट १ जना | सदस्य |
| वडामा रहेको प्रहरी कार्यालय वा सामुदायिक प्रहरी प्रतिनिधी | सदस्य |
| वडामा लैङ्गिक हिंसाका सवालमा सक्रिय रुपमा कार्यगर्ने गै.स.स. बाट १ जना | सदस्य |
| निगरानी समुह, आमा समुह, महिला वालवालिका शाखा बाट प्रर्बधित सहकारी संस्था मध्येबाट वडा समितिबाट सिफारिस गरेको २ जना | सदस्य |
| वडा बालक्लव संञ्जाल प्रतिनिधी १ जना | सदस्य |
| वडा स्तरिय किशोरी संजालका प्रतिनिधी १ जना | सदस्य |
| वडा सचिब | सदस्य-सचिव |

१) समितिको बैठक कम्तिमा ३ महिनामा एक पटक वस्नेछ ।

२) बैठकमा आवस्यकता अनुसार अन्य पदाधिकारी तथा विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ । मनोनित सदस्यको पदावधि २ बर्षको रहनेछ ।

३) वैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

### घ) वडा स्तरिय समितिको काम कर्तब्य तथा अधिकार

वडा स्तरमा नीतिको कार्यान्वयनका लागि कानुन, नीति, योजना, कार्यक्रमलाई लैङ्गिकमैत्री बनाउन तथा महिला नेतृत्वको क्षमता र महिंला सहभागिता अभिवृद्धिका लागि आवश्यक पहल तथा समन्वय गर्ने,

नीतिको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने गराउने,

सरोकारवाला निकाय सँग समन्वय तथा सहजीकरण गर्ने,

नीति कार्यान्वयनको अनुगमन गरि पालिका स्तरिय प्रतिवेदन प्रकासन गर्ने,

नीतिमा समसामयिक सुधारका लागि पालिकालाई आवस्यक सल्लाह सुझावका लागि प्रदान गर्ने,

वडामा सञ्चालित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने,

लैङ्गिक सवालमा भए गरेका कामको पृष्ठपोषण दिने ।



CamScanner

## १२) अनुगमन तथा मूल्याङ्कन

(क) यो नीतिको कार्यान्वयनको अवस्था अनुगमन गर्न र नीतिमा समसामयिक परिमार्जनका लागि आवश्यक लैङ्गिक सूचक देखिने गरी एकीकृत विद्युतीय लैङ्गिक सूचना प्रणाली कार्यान्वयन गरिनेछ। यस सूचना प्रणालीमा आवश्यक सूचनाको वर्गीकरण गरी महिला तथा वालवालिका शाखा नियमित रुपमा प्रविष्ट गर्ने प्रणालीको विकास गरिने छ।

ख) उपमहानगरपालिकाका सबै निकायबाट आ-आफनो क्षेत्रगत नीति तथा कार्यक्रम कार्यन्वयनको समिक्षा गर्दा लैङ्गिक समानता नीतिको कार्यन्वयनलाई समेत समिक्षा गरि समस्याको पहिचान र समाधान हुने छ।

(ग) उप-महानगरपालिकाको सबै तहको वार्षिक समिक्षा बैठकमा लैङ्गिक उत्तर दायी बजेट तथा लैङ्गिक समानता नीतिको कार्यान्वयनको छुट्टै समीक्षा गर्ने व्यवस्था मिलाईने छ।

## १३) उजुरी तथा गुनासो सम्वन्धी व्यवस्था

कुनै संस्था, व्यक्ति वा निकायले यस नीति विपरितको कार्य गरेमा, पिडितका तर्फबाट पिडित स्वयं वा निजको तर्फबाट जुन सुकै व्यक्ति वा निकायले न्ययिक समितिमा उजुरी गर्न सक्नेछ। यसरी परेको उजुरी माथि समितिले छानविन गरी आवस्यक कार्वाही अगाडी बढाउने छ।

## १४) सजायः

कुनै व्यक्ति, निकाय, समुह, संस्थाले यस नीति विपरितको कार्य गरेमा वा उल्लंघन गरेमा संरक्षक वा परिवारका कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा संघीय कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ।

## १५) नीति कार्यान्वयनको पक्ष

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्नेछ। नीति कार्यान्वयनका क्रममा आइपर्ने जोखिम व्यवस्थापनको लागि सरोकारवाला सबै पक्षहरुको मानवीय तथा वित्तीय श्रोतको पहिचान गरि क्षमता अभिवृद्धि गरिनेछ।



CamScanner

यसका लागि नेपालगञ्ज नगरपालिका र विकासका साझेदार संघसंस्थाहरु तथा अन्य सरोकारवाला संस्थाहरु मार्फत आवश्यक श्रोतको व्यवस्था मिलाई नीति कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ ।

## १६) स्रोत परिचालन

यस नीतिमा समावेश भएका कार्यदिशा कार्यान्वयन गर्न निम्नानुसारको स्रोत परिचालन गर्नेछ ।

१. नीति कार्यान्वयनका लागि नेपालगञ्ज उप -महानगरपालिकाको वार्षिक बजेटमा आवश्यक बजेट विनियोजन गर्ने ।

२. नीति कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारसंग समेत आवश्यक थप बजेट विनियोजनका लागि अनुरोध गर्न सक्नेछ ।

३. नीतिको विभिन्न सवाल तथा कार्यक्रममा केन्द्रीत रही आफ्नो कार्यक्षेत्र भित्र पर्ने क्रियाकलापहरू सञ्चालन गर्न सरोकारवालालांई प्रेरित गर्ने, यस विषयमा प्रत्यक्ष रुपमा काम गर्ने निकायलाई प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने र त्यसका लागि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सामाजिक संस्थाहरूलाई सहकार्य गर्न प्रोत्साहन गरिनेछ ।

## १७) सहकार्य तथा समन्वय

१. हिंसाबाट प्रभावित तथा हिशाको जोखिममा पर्न सक्ने बर्ग विशेषगरी महिला, बालबालिका, आर्थिक तथा सामाजिक रुपले पछाडी पारिएका समुदाय, अपाँगता भएका व्यक्तिहरु, विस्थापित, जनजाति, दलितका साथै लैङ्गिक अल्पसंख्यक र सिमान्तकृत समुदायहरु तथा स्थानिय स्तरमा रहेका विभिन्न समुदायसँग समन्वय तथा सहकार्य गर्ने ।

२. यस नगरपालिका भित्र आर्थिक अवस्था कमजोर भएका बर्गहरुको आर्थिक अवस्थाको सुधारको सम्भावित अवसर तथा पहुँच वृद्धि गर्नको लागि स्थानिय तथा राष्ट्रिय स्तरमा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरुसँग सहकार्य तथा समन्वय गर्ने

**१८) सम्भावित जोखिम तथा न्यूनीकरण योजना**

**१) यस नीतिको प्रकृति र स्वरूप बृहत् तथा साझा सरोकारको विषय भएकाले देहायका जोखिम हुनसक्ने अनुमान गरिएको**

(क) लैङ्गिक समानता सम्बन्धी बुझाइमा विविधता हुन सक्ने ।

(ख) लैङ्गिक समानता नीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमतायुक्त र दक्ष जनशक्ति तथा स्रोत साधनको सीमितता हुन सक्ने ।

(ग) लैङ्गिक विषय बहुपक्षीय सरोकार राख्ने विषय भएकाले समन्वय सहयोगमा समस्या हुन सक्ने ।

(घ) उप-महानगरपालिकाका सरोकारवाला निकायका विच नीति कार्यान्वयनका लागि आ-आफ्ना भूमिकामा अन्यौल र दोहोरोपना आउन सक्ने ।

**२) जोखिम न्यूनीकरणका उपायहरू :-**

क) वार्षिक कार्यक्रममा सिफारिस प्रणाली तथा घटना ब्यवस्थापन प्रणालीलाई अवलम्वन गरि सरोकारवालाहरुको स्पष्ट भूमिका र जिम्मेवारी प्रष्ट गर्दै यस नीतिको कार्यान्वयन कार्ययोजना मार्फत कार्यान्वयन गरिनेछ । नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा गरी लागू गरिनेछ ।

(ख) महिला वालवालिका तथा जेष्ठ नागरिक शाखालाई समन्वय संयन्त्रको रूपमा सम्पर्क बिन्दुको व्यवस्था गरी क्षमता विकास गरिनेछ ।

ग) लैङ्गिक सवालको विषयमा दक्षता सहितको जनशक्ति परिचालन गरिनेछ । लैङ्गिक समानताबारे पालिकामा रहेका विज्ञ, प्राग्य र व्यावसायिक दक्षता भएका व्यक्तिहरूको विज्ञ समूह (Think Tank) निर्माण गरी नीतिको अध्ययन एवम् बिश्लेषण गरिनेछ ।

**१९) नीतिको प्रचार प्रसार र सुधार**

यस नीतिलाई उपमहानगरपालिकाको नगरपरिषद्बाट पारित भए पश्चात व्यापक प्रचारप्रसार गरी नीति कार्यान्वयनमा जोड दिइनेछ । यसका बारेमा समुदाय स्तरमा जानकारी गराउनका लागि व्यापक प्रचारप्रसार गरिनेछ । यस नीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपयोगिताको स्वतन्त्र रूपमा मूल्याङ्कन गरी आवश्यकता अनुसार पुनरावलोकन तथा सुधार गरिनेछ ।

आज्ञाले



CamScanner